ललितपुर महानगरपालिका
ललितपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुल्चोक, ललितपुर ३ नं प्रदेश, नेपाल

Ref. No.: ३०७५
०७४/७५

## साक्षात्कार भेट सम्पन्न

मितिः २०७४।०३।२७

काठमाण्डौं महानगरपालिकाका मेयर श्री बिद्यासुन्दर शाक्यज्यू र ललितपुर महानगरपालिकाका मेयर श्री चिरीबाबु महर्जनज्यू बिच मिति २०७४ असार २७ गते मंगलबारका दिन ललितपुर महानगरपालिकामा साक्षात्कार भेट सम्पन्न भएको छ । उक्त भेटमा महानगरलाई व्यवस्थित रुपमा विकास गर्ने सम्वन्धमा घनिभूत छलफल भएको छ ।

साथै उक्त भेट पछि आयोजना गरिएको बैठकमा काठमाण्डौं उपत्यकामा व्याप्त अव्यवस्थित पार्किङ्ग र सवारी साधनहरुको जामलाई व्यवस्थित गर्ने कार्यमा बरदान सावित हुने बहुप्रतिक्षित मोनो रेल र भर्टिकल पार्किङ्गबारे छलफल गरी संयुक्त योजना संचालन गर्ने प्रमुख उद्देश्यका साथ काठमाण्डौं महानगरपालिकाका मेयर श्री बिद्यासुन्दर शाक्यज्यूको आतिथ्यतामा र ललितपुर महानगरपालिकाका मेयर श्री चिरीबाबु महर्जन, उपमेयर श्रीमती गिता सत्यालज्यू, कार्यकारी अधिकृत श्री हरि प्रसाद अधिकारीज्यूका साथै महाशाखाका प्रमुखहरुको सहभागीतामा सम्भाव्यता अध्ययन गर्ने सम्बन्धमा छलफल गरियो ।

उक्त बैठकको प्रथम सत्रमा काठमाण्डौं महानगरपालिकाका मेयर श्री बिद्या सुन्दर शाक्यज्यूलाई ललितपुर महानगरपालिकामा स्वागतका साथै बदाई दिने कार्यक्रम रहेको थियो । तत् पश्चात भएको छलफलमा काठमाण्डौं उपत्यकामा मोनो रेल संचालनमा ल्याउनुका साथै भर्टिकल पार्किङ्ग संचालन सम्बन्धि विस्तृत रुपमा छलफल गरि आउँदो श्रावणको दोश्रो हप्तासम्ममा सम्भाव्यता अध्ययन सम्पन्न गर्ने निर्णय गरियो ।

साथै हाल रिङ्ग रोडमा भईरहेको निर्माण कार्य ज्यादै सुस्त भएको जनगुनासोहरु आएको र जनताहरुलाई निश्चित स्थानसम्म पुग्न कथिनाई उत्पन्न भई रहेको हुनाले सो कार्यलाई द्रुत गतिमा संचालनमा ल्याउन सम्बन्धित संस्थामा यथासक्य चाँडो संयुक्त रुपमा पहल गर्ने निर्णय गरियो ।

राजु महर्जन
वडा नं. ९ अध्यक्ष एवं प्रवक्ता

Tel: 5522563, Fax No.: 977-1-5553966 Website: lalitpur.org.np